अनुसूची-२

(दफा ४(१) सँग सम्बन्धित)

**सूर्योदय नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

फिक्कल, इलाम

**कररमा पदपुर्ति सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/२४)

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०२/१९ गतेको १७औं बैठक (०७९/८०) को निर्णयानुसार सूर्योदय नगरपालिकाको नगर प्रहरी ऐन, २०७६ बमोजिम कार्य गर्ने गरी तपशिलमा उल्लिखित पदपूर्ति गर्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र तोकिएको ढाँचामा माग बमोजिमको विवरण सहित यस कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | प्र.०९/०७९/८० | नगर प्रहरी जवान | श्रेणी विहिन | २ |

**(क) आवेदनको दस्तुर :** रु. ५०।– **परीक्षा दस्तुर:** रु. ३००।-

**(ख) न्यूनतम योग्यता :**

(अ) आधारभूत शिक्षा वा सो सरह उत्तीर्ण गरी नेपाली सेना वा सशस्त्र प्रहरी बल वा नेपाल प्रहरीमा नियुक्त भई सेवा निवृत्त भएका वा सो सेवामा न्यूनतम १० वर्ष कार्य गरी राजिनामा गरेको ।

(आ) उचाई, छाती र तौल : (१) पुरुष : उचाई घटीमा ५ फिट ३ इन्च, छाती ३२-३४, तौल ५२ केजी

**(ग) उमेरको हद:** सुरक्षा निकायबाट अवकाश प्राप्तहरूको हकमा ४५ वर्ष र अन्यको हकमा २१ बर्ष पुरा भई ४० वर्ष ननाघेको

**(घ) सेवा सुविधा :** सूर्योदय नगरपालिकाको करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

**(ङ) छनौटको किसिम :** शारीरिक तन्दुरुस्ती र अन्तर्वार्ता

**(च) दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले १५ औं दिन कार्यालय समयभित्र ।

**(छ) सम्पर्क मिति :** २०८०/०३/११ गते ।

**(ज) परीक्षा मिति :** सम्पर्क मितिमा तोकिनेछ ।

**(झ) दरखास्त दिने स्थान :** सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम ।

**(ञ) आवेदन साथ संलग्न कागजातहरू :** राजश्व तिरेको रसिद सहित आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू :

- नेपाली नागरिकताको प्रमाणपत्र ।
- आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र ।
- कार्य अनुभव भए सो ।
- नेपाली सेना वा सशस्त्र प्रहरी बल, नेपाल वा नेपाल प्रहरीबाट सेवा निवृत्त भएको प्रमाणपत्र ।
- राजिनामा वा उपदान लिई सेवा निवृत्त भएका नेपाली सेना वा सशस्त्र प्रहरी वा नेपाल प्रहरीको हकमा आफूले शुरु नियुक्ति लिएको नियुक्ति पत्र वा सेवामा रहेको प्रमाणित हुने वा सेवा अवधि खुल्ने प्रमाणपत्र।

**(ट)** अन्य जानकारीका लागि नगरपालिकाको कार्यालय, फिक्कलमा वा फोन नं. ०२७-५४०४७३, मा सम्पर्क राख्नुहोला वा वेवसाइट www.suryodayamun.gov.np मा हेर्नुहोला ।

मिलन ...
... प्रशासकीय अधिकृत